# ५ येशू ख्रीष्ट स्वर्गको पवित्र मन्दिरमा

***यस अध्यायका मूल पदहरू:*** रोमी ८:३, यूहन्ना १:२९, प्रकाश ५:१२, हिब्रू ७:१-२८, ९:११-१५, लेबी १६:१३ र हिब्रू ९:२०-२३।

***यस अध्यायको मूल सार पद:*** "९ परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, १० कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, ११ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।" फिलिप्पी २:९-११ रूपान्तरित।

स्वर्गको पवित्र मन्दिरमा येशूको चर्चा गर्दै हिब्रूको पुस्तकले भन्दछः "२० जहाँ हाम्रा पक्षमा अग्रदूत भएर मल्कीसेदेकको दर्जाअनुसार येशू प्रधान पूजाहारी भई प्रवेश गर्नुभएको छ।" (हिब्रू ६:२०)

यस संसारमा हाम्रो निम्ति बलि हुनुभएपछि स्वर्गमा जानुभएको येशूको मूल पूजारीको भूमिका बारेमा बाइबलमा बिशेष गरेर नयाँ करारमा स्पष्टरूपमा बताइएको छ। (हेर्नुहोस्ः "तर ख्रीष्टले त पापहरूका निम्ति सदाको लागि एउटै बलिदान चढ़ाउनुभयो, अनि उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो।" हिब्रू १०:१२)।

स्वर्गमा रहेको पवित्र मन्दिरमा येशूले गर्नुहुने सेवाकार्यको बिषयमा यस अध्यायमा हामी छलफल गर्नेछौं। हाम्रो निम्ति येशूले गरिरहनुभएको पहलले उहाँका जनहरूलाई तयारी अबस्थामा रहन अत्यन्त निर्णायात्मक भूमिका खेल्दछ। यस बारेमा हामीलाई अत्यन्त महत्त्वपूर्ण जानकारी दिइएको छः "पवित्र मन्दिर र छानबिनको न्यायको बारेमा परमेश्वरका जनहरूले स्पष्टरूपमा बुझ्न अत्यन्त आवश्यक छ। आफू कुन स्थानमा उभिएको छु र तिनीहरूको महान् र मूल पूजारीको काम के हो सोको आत्माज्ञान सबैलाई हुनु आवश्यक छ। नत्र भने परीक्षाको घडीमा तिनीहरू निष्ठावान हुन असम्भव हुन्छ वा परमेश्वरले खटाउनुभएको काममा तिनीहरू कसरी लाग्ने भन्ने कुरा बुझ्न गाऱ्हो हुन्छ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ४८८बाट रूपान्तरित।

**येशू स्वर्गमा जानुहुँदा त्यहाँको पवित्र मन्दिरमा पस्नुभयो भनेर हिब्रूको पुस्तकले बताउँदछ तर त्यहाँ उहाँले के गरिरहनुभएको छ त? अन्तिम दिनहरूमा रहनेहरूको निम्ति त्यो आत्मज्ञान हुनु किन जरुरी छ त?**

## १. सर्वोत्तम तथा उत्कृष्ट बलिदान

**येशू ख्रीष्टको उत्कृष्ट अर्थात् सर्वोत्तम त्याग वा बलिले अन्तको युगमा रहिरहेका विश्वासीहरूलाई तयार हुन धेरै सहयोग मिल्दछ। अगाडिका लक्ष्यहरूलाई हेरेर हामी चल्दछौं जसले गर्दा हामी उत्साहसाथ अघि बढ्दछौं। तर पछाडिको लक्ष्यलाई पनि हेरेर चल्नु हाम्रो निम्ति असल हुनसक्छ। हामी कलबरीको बारेमा सोच्दछौं। जुन लक्ष्यमा येशू त्यहाँ पुग्नुभयो त्यो फर्काउन नसकिने लक्ष्य हो। यो अन्तिम लक्ष्य हो र अगाडि बढ्नको निम्ति पनि त्यही लक्ष्यले काम गरिरहेको हुनुपर्छ।**

परमपिता परमेश्वरले यस संसारमा येशूलाई किन पठाउनुभयो? हेर्नुहोस् देहायका केही पदहरू: रोमी ८:३ "३ मानिसको कमजोर शारीरिक स्वभावले गर्दा व्यवस्था पालन गरेर हुन नसक्ने कुरा परमेश्वर आफैंले गर्नुभयो। परमेश्वरले आफ्नै पुत्रलाई पठाउनुभयो। पुत्रचाहिँ पापी मानिसको जस्तै शारीरिक स्वभाव लिएर जन्म लिनुभयो अनि मानिसको पापको निम्ति उहाँलाई दण्ड दिइयो र उहाँको शरीरद्वारा पापको शक्ति नष्ट गर्नुभयो।", १ तिमोथी १:१५-१७ "१५ ख्रीष्ट येशू पापीहरूलाई नै बचाउन यस संसारमा आउनुभएको हो, यो सबैले मान्नुपर्ने साँचो कुरा हो। तिनीहरूमा मचाहिँ सबैभन्दा पापी हुँ। १६ यही कारणले नै उहाँले मलाई दया गर्नुभयो। मजस्तो सबैभन्दा पापीलाई आफ्नो धैर्य प्रकट गर्न उहाँले मलाई नमुना बनाउनुभयो। यो नमुना पछि उहाँमाथि विश्वास गर्ने र अनन्त जीवन पाउनेहरूका लागि हो। १७ *अब सधैंको राजा सधैं जिउने र देख्न नसकिने एकमात्र परमेश्वरलाई सधैंभरि आदर र सम्मान् होइरहोस्।* आमेन।", १ तिमोथी ६:१५-१६ "१५ परमेश्वरले उहाँलाई ठीक समयमा फेरि पठाउनुहुनेछ। परमेश्वर नै सबै शक्तिका मालिक, राजाहरूका पनि राजा र प्रभुहरूका प्रभु हुनुहुन्छ। १६ *उहाँ सधैंभरि रहने र कोही पुग्न नसक्ने उज्यालोमा रहनुहुन्छ। उहाँलाई कसैले पनि अहिलेसम्म देखेको छैन र देख्न पनि सक्दैन। सधैंभरि रहने शक्ति र आदर उहाँमै रहोस्। आमेन*।" र १ कोरन्थी १५:५१-५७ "५० भाइहरू, मैले भन्न खोजेको चाहिँ यो रगत र मासुले परमेश्वरको राज्यमा पस्ने हक पाउन सक्दैन। नाश हुनेले नाश नहुने हक पाउन सक्दैन। ५१ सुन, म एउटा

रहस्यको कुरो भन्छु, हामी सबै त मर्नेछैनौं, तर सबै जना फेरिनेछौं। ५२ त्यो आखिरी बिगुलको आवाज हुनेबित्तिकै मरेकाहरू फेरि कहिले नमर्ने भई उठ्नेछन्। आँखाकै पलमा हामी फेरिनेछौं। बिगुल बज्नेछ र मरेकाहरू कहिले नमर्ने भई हामी सबै फेरिनेछौं। ५३ मर्ने अमर बन्नुपर्छ, मरेर जाने नमर्नेमा बदलिनुपर्छ। ५४ नाश हुने नाश नहुने हुँदा मर्ने नमर्ने भएर फेरिंदा धर्मशास्त्रले भनेको कुरा पूरा हुन्छ, मृत्यु नै मारियो, जित पूरा भयो," ५५ खै मृत्यु, तैंले कहाँ जितिस्‌ऱू मृत्यु तेरो शक्ति खैऱू" ५६ मृत्युको शक्ति पाप हो, पापको शक्ति नै व्यवस्था हो। ५७ तर परमेश्वरलाई धन्यवाद होस्, उहाँले हाम्रो प्रभु येशू ख्रीष्टद्वारा हामीलाई जीत दिनुहुन्छ।"

**येशूको आफ्नै मानवीय हाड र छालाबाट पापको दोष हटुन् जहाँ हाम्रो निम्ति पापको बलि हुनलाई परमेश्वरले येशूलाई पठाउनुभएको थियो। त्यसको अर्थ के हो? अमर हुनुभएकोले ख्रीष्ट मर्न सक्नुहुन्नथ्यो। त्यसैकारण प्रभुले मानव चोला लिनुभयो र हाम्रै नाशवान शरीरको रूप धारणा गर्नुभयो। जसले गर्दा उहाँ हाम्रो सट्टामा मर्न सक्नुभयो वा पापको बलि हुनसक्नुभयो। येशू ईश्वरीय शक्तिले सम्पन्न हुनुभएतापनि उहाँले हाम्रो मानव स्वभाव लिनुभयो क्रुसको मृत्युसम्मै आज्ञाकारी हुनुभयो (फिलिप्पी २:६-८)। परमेश्वरलाई थाहा पाएको अनुसार येशूको ईश्वरीय गुण क्रुसमा मरेको थिएन। मानबीय ज्ञानभन्दा बाहिरको कुरो हो कि परमेश्वर मरियमको कोखमा नौ महिनासम्म कसरी रहनुभयो न त चिहानमा कसरी रहनुभयो। येशूले आफ्नो मानवकालको सेवाकार्यमा कुनै मानिसको सहायता लिनुभएन।**

येशूको मृत्युको नियत वा लक्ष्यको बारेमा देहायका पदहरूले के भन्छ? हेर्नुहोस्ः "१८ येशू एकपल्ट एक्लै प्रार्थना गरिरहनुभएको बेलामा चेलाहरू पनि उहाँकै छेउमा थिए। उहाँले तिनीहरूलाई सोध्नुभयो, मानिसहरूले मलाई को हो भन्छन्" १९ तिनीहरूले जवाफ दिए, कसैले बप्तिस्मा दिने यूहन्ना हो भन्छन् कसैले एलिया हो भन्छन् अनि कतिले चाहिँ उहिलेका कुनै अगमवक्ता मरेकाबाट बिउँतेका होलान् भन्छन्।" २० येशूले तिनीहरूलाई सोध्नुभयो, अनि तिमीहरूचाहिँ मलाई को हो भन्छौ त" पत्रुसले जवाफ दिए, तपाईं परमेश्वरले पठाउनुभएको ख्रीष्ट हुनुहुन्छ!" २१ तर येशूले तिनीहरूलाई 'यो कुरा कसैलाई पनि नभन्नू' भनेर कडा आज्ञा दिनुभयो २२ *अनि तिनीहरूलाई कुरा बुझाउँदै भन्नुभयो, मानव पुत्रले धेरै दुःख भोग्नुपर्छ। अगुवा,*

*मुख्य पूजाहारी र धर्म-गुरुहरूले उसलाई मान्नेछैनन् अनि मार्नेछन्। तर तेस्रो दिनमा ऊ फेरि मरेकोबाट बिउँतनेछ।"* लूका ९:१८-२२।

**येशूको जन्मको मूल कारण नै उहाँ हाम्रो निम्ति मर्नको लागि हो। उहाँले यस संसारमा मानव रूप धारण गर्नुभन्दा अघिदेखि वा अनन्त कालदेखि नै उहाँ हासोको पात्र हुनुहुनेछ, उहाँलाई निर्मम रूपमा कोर्रा लगाइनेछ, धेरै पिटाइ र थुकाइ भोग्नु पर्नेछ, हृदयविदारक तरिकाले उहाँलाई क्रुसमा टाँगिइनेछ भन्ने बिषयमा उहाँ लागिरहनुभएको थियो भनेर हामीले कल्पना गर्न सक्छौं। यो अतुलनीय प्रेम हो। जगतले यो कहिल्यै देखेको छैन न त बुझ्न नै सकेको छ।**

त्यस खालको प्रेमकोसामु हामी मानव प्राणीले के गर्न सक्छौं र केवल उहँको सामु घुँडा टेकेर उहाँको निष्ठामा रहेर उहाँको आज्ञा पालन गर्नुबाहेक? क्रुसको वास्तविकताको सामु मानिसले गर्ने कुनै पनि धार्मिक क्रियाकलाप वा धर्मकर्मको मूल्य के छ र?

## २. मानिसको पाप उठाइलाने परमेश्वरको पाठो

देहायका पदहरूले येशूको बारेमा एक साझा चित्रण गरेको छ। त्यो के हो र त्यसमा मुक्तिको योजनाको आभास् कसरी दिइएको छ? हेर्नुहोस्: यूहन्ना १:२९ "२९ भोलिपल्ट येशूलाई आफूतिर आइरहनुभएको देखेर यूहन्नाले भने, हेर, सारा संसारलाई पापबाट छुट्कारा दिनुहुने परमेश्वरको थुमा!", प्रकाश ५:१२ "१२ उनीहरूले मूल सिंहासन, चार जीवित प्राणीहरू र धर्म-गुरुहरूको वरिपरि उभिएर गाइरहेका थिए: बलि भई मारिनुभएका थुमा अधिकार, धन, बुद्धि, बल, मान, आदर र जयजयकार लिन योग्यको हुनुहुन्छ!" र प्रकाश १३:८ "८ मारिएका थुमाको जीवनको पुस्तकमा संसारको उत्पत्तिभन्दा पहिले नै नाउँ लेखिएका व्यक्तिहरू बाहेक पृथ्वीमा रहनेहरू सबैले नै त्यो जनावरलाई मान-आदर गर्नेछन्।"

**जब बप्तिस्मा दिने यूहन्नाले येशूलाई "परमेश्वरको पाठो" भनेर सम्बोधन गरेका थिए तब उनले स्वर्गको पवित्र मन्दिरलाई औंल्याएका थिए भन्ने कुरामा कुनै बिवाद छैन। अझ स्पष्टरूपमा भन्ने हो भने उनले येशूलाई हाम्रो बलिको पाठो भनेर सिधै सम्बोधन गरेका थिए। त्यस पाठोले यस पृथ्वीमा रहेका पवित्र मन्दिरमा हुने सम्पूर्ण पाप र अन्य बलिप्रथालाई अन्त्य गराने बिषयलाई औंल्याएको थियो। सुसमाचारको चारैवटा पुस्तकहरूले यस संसारको सबै पापहरू उठाइ लैजाने येशू परमेश्वरको थुमा हुन् भनेर सिकाएको छ।**

**तर येशूको कथा र हाम्रो पापको निम्ति दिनुभएको बलिदानको बिबरण चारवटा सुसमाचारको पुस्तकमै अन्त हुँदैन। उहाँको मृत्यु र पुनरुत्थाले पनि उहाँको कथाको अन्त हुँदैन।**

**येशू ख्रीष्ट बलिको पाठो हुनुभएपछि स्वर्गको पवित्र मन्दिरमा उहाँले निर्बाह गर्नु भएको मूल पूजारीको भूमिकालाई हिब्रूको पुस्तकमा शुरुदेखि नै औंल्याइएको थियो। उहाँको क्रुसको भूमिका (हिब्रू १:३)लाई हिब्रूको पुस्तकको शुरुमै उल्लेख गरेर बाँकी अध्यायमा उहाँ मूल पूजारी हुन जानुभएको भन्ने विवरण रहेको छ। मूल पूजारी हुन जानुभएको येशूको विस्तृत रूपमा हिब्रू ७:१-२८मा उल्लेख गरिएको छ।**

येशूको बारेमा लेखकले के भनिरहेका थिए हेर्नुहोस् हिब्रू ७:१-२८ “
१ मल्कीसेदेकचाहिँ शालेमका राजा र सर्वोच्च परमेश्वरका पूजाहारी थिए।
अब्राहामले चार जना राजाहरूलाई लडाइँमा हराएर फर्कंदैगर्दा मल्कीसेदेकले
उनलाई भेटेर आशीर्वाद दिए। २ अब्राहामले राजाहरूलाई जितेर ल्याएका सबै
धनको दशांश मल्कीसेदेकलाई दिए। मल्कीसेदेक नाउँको अर्थ ‘धार्मिकताको
राजा’ हो र उनी शालेमका राजा भएकोले उनको नाउँले ‘शान्तिका राजा’ भन्ने
पनि बुझाउँछ। ३ मल्कीसेदेकका बुबा, आमा र पिता-पुर्खा कसैको बारेमा
केही जानकारी छैन। उनको जन्म र मरणको बारेमा पनि केही जानकारी
छैन। परमेश्वरका पुत्रजस्तै उनी सदाकालका पूजाहारी हुन्। ४ उनी कति
ठूला थिए भन्ने कुरा तिमीहरू नै बुझ्छौ। हाम्रा पुर्खा अब्राहामले समेत
लडाइँबाट जितेर ल्याएका चीजबाट दशांश उनलाई बुझाए। ५ लेवीको
सन्तानका पूजाहारीहरू आफ्ना दाजुभाइ इस्राएलीबाट कमाइको दशांश
उठाउँछन्। यो त तिनीहरूलाई व्यवस्थाले अह्राएको हो। लेवीका सन्तान र
इस्राएली सबै अब्राहामकै सन्तान हुन्। ६ पूजाहारी मल्कीसेदेक त लेवीका
सन्तान होइनन्। तर पनि उनले त पूजाहारीहरूका पुर्खा अब्राहामबाट दशांश
लिए अनि तिनले परमेश्वरको प्रतिज्ञा पाउने अब्राहामलाई आशीर्वाद दिए। ७
ठूलाबाट सानाले आशीर्वाद पाउँछ भन्ने कुरा सबैलाई थाहै छ। ८ मरेर जाने
पूजाहारीले इस्राएलीहरूमा कमाइको दशांश उठाउने गर्दछन्। तर धर्मशास्त्रले
भन्दछ कि सधैं बाँचिरहने मल्कीसेदेकले दशांश उठाए। ९ अनि यसो पनि
भन्न सकिन्छ, अब्राहामले दशांश दिंदा दशांश लिने लेवीले पनि दिए। १०
किनभने मल्कीसेदेकले अब्राहामलाई भेट्दा त लेवी आफ्ना पुर्खा अब्राहामको
शरीरभित्रै थिए। ११ लेवीका सन्तानले पूजाहारीको पद पाएका थिए।

यसैकारण इस्राएलीहरूले व्यवस्था पाएका थिए। अब लेवी पूजाहारीको सेवाले सबै कुरा सिद्ध हुने भए हारूनको सन्तानजस्तो नभएर मल्कीसेदेकजस्तो अर्को पूजाहारीको खाँचो पर्ने थिएन। १२ कारण पूजाहारी पद फेरियो भने व्यवस्था पनि फेरिनुपर्छ। १३ हाम्रा प्रभु, जसका विषयमा यी कुराहरू भनिएका छन्, उहाँ त भिन्नै कुलका हुनुहुन्छ। उहाँको कुलमा कसैले पनि पूजाहारी भएर काम गरेका थिएनन्। १४ सबैलाई थाहै छ, हाम्रा प्रभु त यहूदाको कुलमा जन्मनुभएको हो। यहूदाको कुलबाट पूजाहारी छानिने बारेमा मोशाले केही पनि भनेका थिएनन्। १५ अब यो कुरो झन् सफा हुन्छ कि मल्कीसेदेकजस्तै अर्का पूजाहारी आइसकेका छन्। १६ उहाँ मानिसहरूलाई दिएको आज्ञा र नियमबाट पूजाहारी हुनुभएको होइन, तर कहिल्यै नाश नहुने जीवनको शक्तिले बनाइनुभएको पूजाहारी हुनुहुन्छ। १७ धर्मशास्त्रले नै यसरी भनेको छ, मल्कीसेदेकजस्तै तपाईं सधैंका लागि पूजाहारी हुनुहुन्छ।" १८ केही गर्न नसक्ने र काम नलाग्ने भएकोले पुरानो व्यवस्था खारेज गरिएको छ १९ किनभने मोशाको व्यवस्थाले त केही पनि सिद्ध पार्न सकेन। तर अब त अझ असल आशा हामीलाई दिइएको छ, जसले हामीलाई परमेश्वरको नजिकै पुऱ्याउँछ। २० अरूलाई चाहिँ परमेश्वरले शपथ खाएर पूजाहारी बनाउनुभएको थिएन, तर उहाँलाई शपथ खाएर पूजाहारी बनाउनुभएको हो। २१ तर येशूलाई भने उहाँले शपथ खाएरै पूजाहारी बनाउनुभयो, जसरी धर्मशास्त्रमा लेखिएको छ, परमप्रभुले शपथ खाएर भन्नुभएको छ र उहाँले आफ्नो मन बदल्नुहुन्न। तिमी सधैंको लागि पूजाहारी हुनेछौ।" २२ यही शपथले नै येशूलाई उत्तम करारको जमानत बनाउँदछ। २३ अर्को भिन्नता के थियो भने ती अरू पूजाहारीहरूको सङ्ख्या धेरै भएको थियो, कारण तिनीहरू मरेर जानुपरेकोले आफ्नो सेवा सधैंभरि गर्न सकेनन्। २४ तर येशू भने सधैं बाँचिरहनुहुन्छ, उहाँ सधैंभरिका लागि पूजाहारी हुनुहुन्छ। २५ यसैकारण येशूमा विश्वास गरेर परमेश्वरकहाँ आउनेहरूलाई उहाँले अहिले र सधैंभरिका लागि बचाउन सक्नुहुन्छ किनभने तिनीहरूका लागि परमेश्वरसँग प्रार्थना गर्न उहाँ सधैंभरि रहनुहुन्छ। २६ हामीलाई चाहिएको प्रधान पूजाहारी पनि यस्तै नै हो। उहाँ पवित्र, निर्दोष, शुद्ध हुनुहुन्छ र परमेश्वरले उहाँलाई पापी मानिसहरूबाट छुटाएर सबैभन्दा माथि स्वर्गमा बसाल्नुभयो। २७ अरू प्रधान पूजाहारीहरूले गरेजस्तै उहाँले आफ्नो र अरूको पापलाई मेट्न दिनदिनै बलि चढाइरहनुपर्दैन किनभने उहाँले सधैंभरि पुग्ने गरी एकै चोटि आफैंलाई बलि चढाउनुभयो। २८ व्यवस्थाले कमजोर

मानिसलाई प्रधान पूजाहारीहरू हुन नियुक्त गऱ्यो, तर व्यवस्थाभन्दा पछि परमेश्वरले शपथ खाएर दिनुभएको प्रतिज्ञाले सधैंको लागि सिद्ध बनाइनुभएको पुत्रलाई नियुक्त गरेको छ।"

**माथि उल्लेख गरिएका पदहरू अत्यन्तै गहिरा र धेरै आत्मज्ञानले भरिएका छन्। तर त्यसको मूल सारचाहीँ यो हो कि यस पृथ्वीमा भएको पवित्र मन्दिरमा हारूनको बंशले चलाएका पूजारीकामहरूमा येशू ख्रीष्टको पूजा उत्कृष्ट थियो। स्वर्गको मन्दिरमा हाम्रो निम्ति पहल गर्ने मूल पुजाहारी हुनुहुन्छ। उहाँ हाम्रै सेवाको निम्ति खटिरहनुभएको छ। त्यसकारण जब हामीले उहाँलाई फोकस गर्छौं वा हेर्दछौं तब उहाँ स्वर्गको पवित्र मन्दिरमा मूल पुजाहारी भइरहनुभएको अनुभव गर्नेछौं।**

## ३. हाम्रो मूल पुजारी

देहायका पदहरूमा हाम्रो निम्ति अत्यन्त महान आशा प्रस्तुत गरिएको छ। त्यो के हो? हेर्नुहोस्: "१५ अब यो कुरो झन् सफा हुन्छ कि मल्कीसेदेकजस्तै अर्का पूजाहारी आइसकेका छन्। १६ उहाँ मानिसहरूलाई दिएको आज्ञा र नियमबाट पूजाहारी हुनुभएको होइन, तर कहिल्यै नाश नहुने जीवनको शक्तिले बनाइनुभएको पूजाहारी हुनुहुन्छ। १७ धर्मशास्त्रले नै यसरी भनेको छ, मल्कीसेदेकजस्तै तपाईं सधैंका लागि पूजाहारी हुनुहुन्छ।" १८ केही गर्न नसक्ने र काम नलाग्ने भएकोले पुरानो व्यवस्था खारेज गरिएको छ १९ किनभने मोशाको व्यवस्थाले त केही पनि सिद्ध पार्न सकेन। तर अब त अझ असल आशा हामीलाई दिइएको छ, जसले हामीलाई परमेश्वरको नजिकै पुऱ्याउँछ। २० अरूलाई चाहिँ परमेश्वरले शपथ खाएर पूजाहारी बनाउनुभएको थिएन, तर उहाँलाई शपथ खाएर पूजाहारी बनाउनुभएको हो। २१ तर येशूलाई भने उहाँले शपथ खाएरै पूजाहारी बनाउनुभयो, जसरी धर्मशास्त्रमा लेखिएको छ, परमप्रभुले शपथ खाएर भन्नुभएको छ र उहाँले आफ्नो मन बदल्नुहुन्न। तिमी सधैंको लागि पूजाहारी हुनेछौ।" २२ यही शपथले नै येशूलाई उत्तम करारको जमानत बनाउँदछ। २३ अर्को भिन्नता के थियो भने ती अरू पूजाहारीहरूको सङ्ख्या धेरै भएको थियो, कारण तिनीहरू मरेर जानुपरेकोले आफ्नो सेवा सधैंभरि गर्न सकेनन्। २४ तर येशू भने सधैं बाँचिरहनुहुन्छ, उहाँ सधैंभरिका लागि पूजाहारी हुनुहुन्छ। २५ यसैकारण येशूमा विश्वास गरेर परमेश्वरकहाँ आउनेहरूलाई उहाँले अहिले र सधैंभरिका लागि बचाउन सक्नुहुन्छ किनभने तिनीहरूका लागि परमेश्वरसँग प्रार्थना गर्न उहाँ सधैंभरि रहनुहुन्छ। २६

हामीलाई चाहिएको प्रधान पूजाहारी पनि यस्तै नै हो। उहाँ पवित्र, निर्दोष, शुद्ध हुनुहुन्छ र परमेश्वरले उहाँलाई पापी मानिसहरूबाट छुटाएर सबैभन्दा माथि स्वर्गमा बसाल्नुभयो। २७ अरू प्रधान पूजाहारीहरूले गरेजस्तै उहाँले आफ्नो र अरूको पापलाई मेट्न दिनदिनै बलि चढाइरहनुपर्दैन किनभने उहाँले सधैँभरि पुग्ने गरी एकै चोटि आफैंलाई बलि चढाउनुभयो। २८ व्यवस्थाले कमजोर मानिसलाई प्रधान पूजाहारीहरू हुन नियुक्त गर्‍यो, तर व्यवस्थाभन्दा पछि परमेश्वरले शपथ खाएर दिनुभएको प्रतिज्ञाले सधैंको लागि सिद्ध बनाइनुभएको पुत्रलाई नियुक्त गरेको छ।" हिब्रू ७:१५-२८ (बिशेष गरेर पद २७,२८) र "१ हामीले भनेका मुख्य कुरा पनि यिनै हुन्, हाम्रा यस्ता प्रधान पूजाहारी हुनुहुन्छ, जो स्वर्गमा परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नुभएको छ। २ उहाँले महापवित्र स्थानमा प्रधान पूजाहारी भएर सेवा गर्नुहुन्छ। यो महापवित्र स्थानचाहिँ मानिसले होइन तर परमेश्वरले टाँग्नुभएको साँचो पाल हो। ३ सबै प्रधान पूजाहारीहरू परमेश्वरलाई दिइएको भेटी र पशुबलि चढाउन खटिएका हुन्छन्। यसकारण हाम्रो प्रधान पूजाहारीले पनि केही कुरा त चढाउनैपर्‍यो। ४ उहाँ यस पृथ्वीमा नै हुनुभएको भए पूजाहारी बन्नुहुने थिएन किनभने व्यवस्थाले भने झैं भेटी चढाउने पूजाहारीहरू त यहाँ अघिदेखि नै छँदैछन्। ५ तिनीहरूले गर्ने काम स्वर्गमा भएको साँचो कुराको नकल र छायाँ मात्र हो। मोशालाई पनि यस्तै गर्न अह्राइएको थियो, जसले पवित्र पाल बनाउन लाग्दा परमेश्वरले उनलाई यसो भन्नुभएको थियो, हेर, तिमीलाई पहाडमा देखाइएको नमुनाजस्तै सबै कुरा बनाउनू।" ६ येशूलाई दिइएको पूजाहारीको काम ती अरू प्रधान पूजाहारीको कामभन्दा अझ ठूलो छ। त्यसरी नै परमेश्वर र उहाँका मानिसहरूबीच येशूले बाँध्नुभएको नयाँ करार पनि पहिले गरिएको पुरानो करारभन्दा ठूलो हो कारण यो करारमा अझ राम्रा कुराहरूको प्रतिज्ञा छ। ७ पहिलो करार अपूरो नहुँदो हो त दोस्रो करार बाँध्नु नै पर्ने थिएन। ८ तर परमेश्वरले आफ्ना मानिसहरूमा दोष भेट्टाउनुभयो अनि भन्नुभयो, ती दिनहरू आउँदै छन्, परमप्रभु भन्नुहुन्छ, जब म इस्राएल र यहूदाका घरानासँग नयाँ करार बाँध्नेछु।" हिब्रू ८:१-८ (बिशेष गरेर ६ पद)।

**येशूसँग धेरै योग्यताहरू छन् जुन अरू कुनै पूजाहारीहरूसँग छैन, त्यसैले उहाँ हाम्रो उद्धार गर्न सक्षम हुन पुग्नुभयो। उहाँ आफै परमेश्वर हुनुहुन्छ जसले पापलाई क्षमा दिन सक्नुहुन्छ। उहाँ सदाको निम्ति पुजाहारी बन्नुभएको छ।यो संसारको इतिहासमा उहाँले आफ्ना जनहरूको निम्ति हरदम**

पहल गरिरहनुभएको छ। जसरी उहाँले संसारमा मानव चोला लिनुभएको बेलामा उहाँले बिरामीहरूलाई करुणा र दया देखाउनुभएको थियो र सान्त्वना दिनुभएको थियो र एक्लो र उदासिन भएका मानिसहरूलाई सेवा गर्नुभएको थियो त्यसरी नै उहाँले अहिले पनि उहाँका जनहरूलाई करूणा देखाइरहनुभएको छ र सान्त्वना दिइरहनुभएको छ। उहाँले मानव चोला लिनुभएतापनि पापरहित हुनुहुन्थ्यो र उहाँ सदासदा त्यही पापरहित स्थितिमा रहनुहुनेछ। पापरहित हुनुभएको येशूले सारा मानव प्राणीको पापको गह्रौ भारी बोकेर मर्नुभएको थियो। उहाँ एकमात्र मानबरुपी ईश्वर भएको हैसियतले स्वर्गको पवित्र मन्दिरमा पापीहरूको निम्ति पहल गर्न सक्नुहुन्छ।

येशूको बलि सदाको निम्ति भएको थियो भनेर उपर्युक्त पदहरूले बताउँछ। त्यो बलि केवल एक पटक मात्र हुन आवश्यक थियो र यस संसारको प्रत्येक मानव प्राणीको पापको क्षमाको निम्ति त्यो पर्याप्त थियो। क्रुसमा को मर्नुभयो त्यसलाई ख्याल गर्दा के मानिसको निम्ति बलि भएको पर्याप्त छैन र?

हिब्रू ९:११-१५मा येशूले आफ्नो मृत्युद्वारा के उपलब्धि हासिल गर्नुभयो र अहिले स्वर्गको पवित्र मन्दिरमा कस्तो खालको सेवाकार्य गरिरहनुभएको छ सो बताइएको छ। हेर्नुहोस्ः “११ तर ख्रीष्ट त यहाँ भएका सबै असल कुराहरूका प्रधान पूजाहारी भएर आइसक्नुभएको छ। उहाँ झन् ठूलो र सिद्ध मन्दिरमा पूजाहारी हुनुहुन्छ। यो मानिसले बनाएको मन्दिर होइन र सृष्टि गरिएको यस संसारको कुरो पनि होइन। १२ उहाँ सोझै उक्त मन्दिरको महापवित्र ठाउँमा सधैंको निम्ति एकैपल्ट पस्नुभयो। उहाँले बोका र साँढेको बलि चढाइएको रगत लिएर पस्नुभएन। तर आफ्नै बलिको रगत लिएर पस्नुभयो र हामीलाई सधैंभरि रहने मुक्ति दिनुभयो। १३ बोका वा साँढेको रगत र होमको कोरली बाछीको खरानी अशुद्ध मानिसहरूमाथि छर्केर तिनीहरूलाई बाहिरी रूपले शुद्ध पारिन्छ। १४ तर ख्रीष्टको रगतमा हामीलाई शुद्ध तुल्याउने अझ ठूलो शक्ति छ। सधैंभरि रहिरहनुहुने परमेश्वरका आत्माद्वारा उहाँले सिद्ध बलि भएर आफैंलाई परमेश्वरकहाँ चढाउनुभयो। त्यसो हो भने हामीले जीवित परमेश्वरको सेवा गर्न सकौं भनी हाम्रा विवेकलाई ख्रीष्टको रगतले झन् कति ज्यादा गरी शुद्ध पार्न सक्छ। १५ परमेश्वरले प्रतिज्ञा गर्नुभएको सधैंभरि रहिरहने आशिषहरू उहाँद्वारा बोलाइएकाहरूले पाऊन् भनेर नै यो नयाँ करार मिलाउनुहुने ख्रीष्ट हुनुहुन्छ। पहिलो करारको बेलामा

मानिसहरूले गरेका अपराधबाट अब छुटकारा पाइन्छ किनभने यही कामको लागि उहाँ मरिसक्नुभएको छ।"

हिब्रू ९:१२मा भनिएको छ, "हामीलाई सधैँभरि रहने मुक्ति दिनुभयो।" **ग्रीक भाषामा मुक्तिको अर्थ अरू पनि छन्: फिरौती तिरिएको, बन्धकबाट उद्धार गरिएको, छुटकारा, स्वतन्त्र बनाइएको। लूका १:६८मा पनि त्यही शब्द प्रयोग गरिएको थियो। त्यसबेला जकरियाले यो घोषणा गरेका थिए, "परमेश्वर उहाँका जनहरूकहाँ आउनुभयो र उद्धार गर्नुभयो।" ख्रीष्टको रगत भनेर सम्बोधन गर्दा उहाँको रगत हो जुन मानिसहरूको पापबाट मुक्ति दिलाउन पर्याप्त थियो। मानव शरीर लिएर उहाँ हाम्रो बलिको पाठो हुनुभएको थियो। अत्यन्त उदेक र अचम्मको सुसमाचार त यो छ कि उहाँ आफ्नो निम्ति होइन तर हाम्रो निम्ति त्यो कार्य सम्पन्न गर्नुभयो। जसले येशू ख्रीष्टलाई आफ्नो प्रभु भनेर स्वीकार गर्छ त्यसको निम्ति उहाँको रगत नै सारा पापको क्षमाको निम्ति पर्याप्त हुन जान्छ।**

हाम्रो निम्ति ख्रीष्टले सदाको निम्ति मुक्ति उपलब्ध गराउनुभयो भन्ने धारणाको बारेमा अझ गहिरिएर सोच्नुहोस्। उहाँले त्यो मुक्ति हाम्रो निम्ति उपलब्ध गराउन त्यसबेलामात्र सफल हुनुभयो जब उहाँ क्रुसमा मर्नुभएर बौरि उठेर स्वर्गको पवित्र मन्दिरमा पस्नुभयो। अहिले येशूले हाम्रो निम्ति स्वर्गको पवित्र मन्दिरमा के गरिरहनुभएको छ त्यसलाई सम्झदा हामीमा आशाको किरण किन झुल्किन्छ?

## ४. हाम्रो सहजकर्ता, हाम्रो निम्ति पहल गर्ने वा बिन्ति गर्ने प्रभु येशू

पापले गर्दा परमेश्वर र मानिसको बीचमा भयङ्कर खाडल सिर्जना भइ एक आपसको सम्बन्ध तोडिन पुगेको थियो। तर येशू हाम्रो निम्ति मर्नु भएर पापको बलि हुनुभएको कारण मानिस परमेश्वरतर्फ नजिक हुन पुगेको हो र निरन्तररूपमा अब मानिस परमेश्वरको समिपमा पुग्न सक्षम हुनेछ। हेर्नुहोस् देहायका पदहरू: एफिसी २:११-१८ " ११ एक समय तिमीहरू कस्ता थियौ, सम्झ। शरीरको अङ्गमा हातद्वारा खतना लाउने इस्राएलीहरूले आफैंलाई शरीरमा खतना लाएका र तिमीहरूलाई खतना नलाउने अरू जातिका मानिस भन्छन्। १२ त्यस बेला तिमीहरू ख्रीष्टदेखि अलग्गै थियौ। तिमीहरू परमेश्वरका छानिएका जाति इस्राएलीसँग सम्बन्ध नै नभएको विदेशी थियौ। परमेश्वरले प्रतिज्ञाहरू गरेर जोड्नुभएको करारमा तिमीहरूको कुनै स्थान थिएन अनि संसारमा तिमीहरू बिनाआशा र बिनापरमेश्वर थियौ। १३ हामीलाई मेल

गराउने नै ख्रीष्ट हुनुहुन्छ किनभने उहाँले नै आफ्नो रगत बगाएर इस्राएली र अरू जातिका मानिसलाई परमेश्वरको छेउमा ल्याउनुभयो। १४ आफ्नो शरीर दिएर उहाँले हामीलाई अलग गर्ने पर्खाल भत्काउनुभयो। १५ उहाँले इस्राएली र अरू जातिका मानिसलाई मिलाउन र उहाँमा नयाँ जाति बनाउन उहाँकै आफ्नो शरीरमा व्यवस्था र यसका रीतिथितिलाई खारेज गर्नुभयो। १६ दुश्मनी नाश गर्न र एउटै जाति बनाएर परमेश्वरसँग मेल गराउन उहाँ क्रूसमा बलि हुनुभयो। १७ उहाँले आएर इस्राएली र अरू जाति अर्थात् परमेश्वरको नजिक र टाढा हुने दुवैलाई मेलमिलाप गराउन सुसमाचार सुनाउनुभयो। १८ उहाँले गर्दा नै हामी दुवै थरी अर्थात् यहूदी र अन्यजाति एउटै पवित्र आत्मा पाएर परमेश्वर पिताको सामु जान सक्ने भएका छौं।" र १ पत्रुस ३:१८ " ख्रीष्ट सधैंभरि पुग्ने गरी पापका लागि मरिदिनुभयो। तिमीहरूलाई परमेश्वरकहाँ पुऱ्याउन पापबिनाको भएर पनि पापीका लागि मरिदिनुभयो। उहाँ मानिसको शरीरमा हुँदा मारिनुभयो, तर आत्माको शक्तिले जिउँदो हुनुभयो।"

र "१९ यही आशामाथि हाम्रो जीवन अडिएको छ। यो साँचो र पक्का छ। यो स्वर्गीय मन्दिरको पर्दादेखि महापवित्र स्थानसम्म जान्छ। २० हाम्रो लागि येशू हामीभन्दा अघि नै त्यस ठाउँमा गएर बसिसक्नुभएको छ। मल्कीसेदेक पूजाहारीजस्तै उहाँ सधैंको लागि प्रधान पूजाहारी हुनुभएको छ।" हिब्रू ६:१९-२०। उपर्युक्त पदहरू अनुसार हाम्रो निम्ति येशूले के गर्नुभयो?

येशूको काममा के समावेश भएको छ भनेर हिब्रू ९:२४ले के भन्दछ? "२४ ख्रीष्ट त मानिसले बनाएको महापवित्र स्थानभित्र जानुभएन, जुनचाहिँ खास कुराको नक़ल मात्र थियो। उहाँ त वास्तविक ठाउँ स्वर्गमा जानुभयो। उहाँ अहिले हाम्रा लागि परमेश्वरको सामु त्यहाँ हाजिर हुनुहुन्छ।"

**हामी जानुभन्दा पहिले येशू हाम्रो स्वर्गको पवित्र मन्दिरमा हाम्रो प्रतिनिधि भएर जानुभएको थियो। हाम्रो निम्ति उहाँ परमेश्वरको सामु जानुभएको थियो। त्यसको अर्थ येशू उहाँको आफ्नो रगतको बलिले गर्दा हामीलाई प्रदान गर्नुभएको अनन्त मुक्तिको निम्ति परमेश्वर पिताको सामु उभिनु भएर हाम्रो निम्ति पहल गरिरहनुभएको छ। हो, जब हामी येशूलाई हाम्रो मुक्तिदाता भनेर स्वीकार गर्छौं तब हाम्रो पाप क्षमा हुन्छ, परमेश्वरको सामु हामी क्षमा पाएर निर्दोष भएर खडा हुन्छौं। तर एउटा तितो सत्य के छ भने हामी येशूभक्त भएरपनि पाप गर्न पुग्छौ। हामीलाई बिजयी जीवन जीउन धेरै अचम्मका प्रतिज्ञाहरू दिइएतापनि अझै पनि पापको भुमरीमा फसिरहेका हुन्छौं। यस्तो**

परिस्थितिमा येशू मूल पुजारी हुनुभएर स्वर्गको मन्दिरमा परमेश्वरको सामु हाम्रो निम्ति प्रार्थना वा पहल गर्नुहुन्छ। उहाँ पश्चातापी पापीको प्रतिनिधि गर्नुहुन्छ, हाम्रो धर्मकर्म वा असल कामलाई अघि तेर्स्याएर होइन तर उहाँको आफ्नै त्यागको बाजी राखेर परमेश्वरको सामु हाम्रो निम्ति बिन्ति गर्नुहुन्छ। "२५ यसैकारण येशूमा विश्वास गरेर परमेश्वरकहाँ आउनेहरूलाई उहाँले अहिले र सधैंभरिका लागि बचाउन सक्नुहुन्छ किनभने तिनीहरूका लागि परमेश्वरसँग प्रार्थना गर्न उहाँ सधैंभरि रहनुहुन्छ।" (हिब्रू ७:२५)।

येशूलाई विश्वास गरेर नयाँ जन्म लिएका विश्वासीहरूले येशूको निरन्तर करुणा, प्रेम र अनुग्रहको आवश्यकता भएको कसले महसुस गरेको छैन र? हामीले येशूमा नयाँ जीवन पाएतापनि, हाम्रो जीवनमा नयाँ र अचम्मको परिवर्तनको अनुभव गरेतापनि हाम्रो कमजोरीप्रति संवेदनशील भएर हामीलाई उहाँको अनुग्रहको निरन्तर आवश्यकता भएको कसले ठानेको छैन र? त्यसैकारण, येशू हाम्रो मूल पुजाहारी हुनुहुन्छ भन्ने आत्मज्ञान हामीमा हुनु हाम्रोलागि अत्यन्त मूल्यवान बिषय हो।

## ५. प्रायश्चितको दिन वा पापको हर्जाना तिर्ने दिन

यस पृथ्वीमा रहेको पवित्र मन्दिरचाहिँ स्वर्गको पवित्र मन्दिरको प्रतिलिपि हो भनेर हिब्रूको पुस्तकले स्पष्टरूपमा सिकाउँदछ। येशूको पुनरुत्थानपछि जब उहाँ स्वर्गमा जानुभयो तब उहाँ त्यस मन्दिरमा मूल पुजाहारीको रूपमा प्रतिस्थापित हुनुभएको थियो। अर्थात् उहाँ हाम्रो मूल पुजारीको दर्जालाई ग्रहण गरी मन्दिरमा प्रवेश गर्नुभएको थियो। पृथ्वीको मन्दिरको दुवै पवित्र कोठाहरूमा हुने बार्षिक शुद्धीकरण को बिधि र बलिको बिधिचाहिँ स्वर्गको हो भनेर पावलले यसरी व्यक्त गर्दछन् तिनीहरूले स्वर्गीय पवित्रस्थानको प्रतिलिपि वा नक्क़ल र छायाको सेवा गर्दछन्, किनकि मोशाले पवित्र वासस्थान बनाउन लाग्दा परमेश्वरको यस्तो आदेश पाएका थिए, पर्वतमा तिमीलाई देखाइदिएको नमूनाबमोजिम तिमीले सब थोक बनाउनू।" हिब्रू ८:५।

त्यसले गर्दा जसरी पृथ्वीको मन्दिरमा पवित्र र महापवित्र स्थानहरू थिए त्यसरी नै स्वर्गको मन्दिरमा पवित्र र महापवित्र स्थान छन्। ती दुवै स्थानहरूमा येशूको सेवाकार्यको व्याख्या गरिएको छ। पृथ्वीको मन्दिरमा प्रायश्चितको दिनमा बिशेष बिधिद्वारा मन्दिर शुद्ध गरिन्छ त्यसको अर्थ न्याय वा भक्तहरूको फैसलाको दिन भएको भन्ने अवधारणालाई बुझाउँछ। यो विधिको बारेमा वर्णन लेबी १६मा उल्लेख गरिएको छ। वर्षको एक दिनमात्रै मूल

**पुजारी मन्दिरको महापवित्र स्थानमा मन्दिर शुद्ध पार्न र मानिसहरूको निम्ति प्रायश्चित गर्न वा पापको हर्जाना तिर्न वा क्षमापूजा गर्न पस्दछ (लेबी १६:१२-१४)।**

मन्दिरमा के शुद्ध र सफा गर्नुपर्छ? र यो प्रायश्चितको दिनमा गरिने विधिले येशूको सेवालाई कसरी बुझाउँछ? हेर्नुहोस् हिब्रू ९:११-२८ "११ जब ख्रीष्ट अघिबाटै आइसकेका असल कुराहरूका प्रधान पूजाहारी भएर आउनुभयो, उहाँ अझ महान् र सिद्ध पवित्र वासस्थानद्वारा जानुभयो, जो हातले बनेको होइन, अर्थात् यस सृष्टिको अङ्ग होइन। १२ बोका र बाछाहरूको रगतले होइन, तर आफ्नै रगतद्वारा अनन्त उद्धार प्राप्त गरिदिएर सधैंको निम्ति एकै पल्ट महापवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो। १३ बोका र साढ़ेहरूको रगत र कोरलीको खरानी अशुद्ध मानिसहरूमाथि छर्कदा तिनीहरूको शरीर शुद्ध हुन्छ भने, १४ ख्रीष्टको रगतले त झन् कति बढ़ी गरी तिमीहरूका विवेकलाई मरेका कामहरूबाट शुद्ध पार्नेछ, ताकि तिमीहरू जीवित परमेश्वरको सेवा गर्न सक। किनकि उहाँले अनन्त आत्माद्वारा आफैलाई निष्खोट बलिको रूपमा परमेश्वरलाई अर्पण गर्नुभयो। १५ यसैकारण उहाँ नयाँ करारका मध्यस्थ हुनुहुन्छ, यस हेतुले कि बोलावट भएकाहरूले प्रतिज्ञा गरिएको अनन्त उत्तराधिकार प्राप्त गरून्, किनकि एक जनाको मृत्युको मोल भइसकेको छ, जसद्वारा पहिलो करारको समयमा भएका अपराधहरूबाट उद्धार पाइन्छ। १६ किनकि जहाँ इच्छापत्रको प्रश्न छ त्यहाँ इच्छापत्र लेख्नेको मृत्यु भएको प्रमाणित हुनुपर्दछ। १७ उसको मृत्यु भएपछि मात्र इच्छापत्र पक्का हुन्छ, किनकि इच्छापत्र दिने बाँचुञ्जेल त्यो पक्का ठहर्दैन। १८ यसकारण पहिलो करार पनि रगतविना पक्का हुन सकेन। १९ जब मोशाले व्यवस्थाको हरेक आज्ञा मानिसहरूलाई सुनाइसके, तब उनले बाछा र बोकाहरूको रगत, पानी, रातो ऊन र हिसपका स्याउलासहित, व्यवस्थाको पुस्तकमाथि र सबै मानिसहरूमाथि छर्के। २० अनि उनले यसो भने, परमेश्वरले तिमीहरूलाई आज्ञा गर्नुभएको करारको रगत यही हो।" २१ यसै गरी उनले पवित्र वासस्थानमाथि र आराधनामा चलाइने सबै भाँड़ाहरूमाथि त्यसै किसिमले रगत छर्के। २२ वास्तवमा, व्यवस्थाअनुसार रगतले प्रायः सब थोक शुद्ध पार्दछ, र रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन। २३ यदि स्वर्गीय कुराहरूका नमूनालाई शुद्ध पार्न यी विधिहरू चाहिए भने स्वर्गकै कुराहरूलाई शुद्ध पार्नु त अझ उत्तम बलिको आवश्यकता पऱ्यो। २४ ख्रीष्ट हातले बनाएको

पवित्रस्थानभित्र प्रवेश गर्नुभएन, जोचाहिँ साँचो पवित्रस्थानको नक्कल मात्र हो, तर उहाँ स्वर्गभित्रै प्रवेश गर्नुभयो, र उहाँ हाम्रो पक्षमा परमेश्वरको सामु उपस्थित हुनुभएको छ। २५ येशू आफैलाई बारम्बार बलि चढ़ाउन स्वयम् पस्नुभएको होइन, जसरी प्रधान पूजाहारी सालिन्दा आफ्नै रगत होइन, तर अर्काको रगत लिएर महापवित्र स्थानभित्र प्रवेश गर्ने गर्दछन्। २६ नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दुःख भोग्नुपर्नेथियो। तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ। २७ जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, २८ त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतिक्षा गर्नेहरूका उद्धारको निम्ति।"

**स्वर्गको पवित्र मन्दिरलाई शुद्ध गरिनुपर्ने अवधारणा कतिपय इसाई विद्वानहरूको निम्ति आश्चर्यको विषय पनि हुनसक्छ। तर प्रायश्चितको दिनमा पृथ्वीको मन्दिरमा गरिने शुद्ध बिधिलाई बुझ्न सकियो भने स्वर्गको मन्दिरमा येशूले गर्नुभएको कामको बारेमा बुझ्न कठिन नहुन सक्छ। इस्रायलीहरूको पृथ्वीको पवित्र मन्दिरमा बार्षिक प्रायश्चितको दिनमा पुजाहारीले गर्ने कामले स्वर्गमा येशूले गर्नुभएको कामलाई सही रूपमा व्यक्त गर्दछ भनेर हिब्रू ९:२३मा देखाइएको छ। जुन शुद्ध गर्ने काम पुजाहारीद्वारा यस पृथ्वीको मन्दिरमा गरिएको थियो जुन एक दिन स्वर्गमा भएको मन्दिरमा येशूले गर्नुहुने कामको नक्कल वा प्रतिलिपि थियो। यो विधि येशू स्वर्गमा जाने बित्तिकै सम्पन्न गर्नुभयो भनेर हिब्रू ९:२३ले बताउँदैन। दानिएलको पुस्तक अध्ययनबाट यो बुझिन्छ कि येशूले त्यो बिधि सन् १८४४मा शुरु गर्नुभएको थियो। त्यसकारण हामी येशूभक्त भएको हैसियतले हामी कुन समयमा आइपुगेका छौं भनेर गम्भीररुपमा बुझ्नु आवश्यक छ। प्रभु येशूले बिगत समयमा के गर्नुभयो र अहिले स्वर्गको महापवित्र स्थानमा के गरिरहनुभएको छ सो हामीले बुझ्न सक्यौं भने हाम्रो जीवनलाई उहाँमा राखेर ढुक्क भइ अर्थपूर्ण जीवन बिताउन सफल हुनेछौं।**

प्रकाश १४:७मा दिइएको प्रथम स्वर्गदूतको सन्देशले यो सन्देश घोषणा गर्दछः “परमेश्वरको भय मान अर्थात उहाँमाथि श्रद्धा राख र उहाँको महिमा गर किनभने उहाँको न्यायको समय आएको छ।" (रूपान्तरित)। न्यायको समय आएको छ आइसकेको थिएन भनेर त्यसबेला आभास्

दिइएतापनि अन्तको समयको बिषयमा औंल्याइएको उक्त न्यायको दिनको वास्तिवकतालाई ध्यान दिँदा हामीले कस्तो जीवन जीउनुपर्छ भन्ने कुरा थाहा पाउन किन जरुरी छ?

**उपसंहारः**

**इस्रायलीहरूको निम्ति निर्माण गरिएको पृथ्वीको पवित्र मन्दिर स्वर्गको मन्दिरको प्रतिलिपि हो भनेर हिब्रूको पुस्तकले बताउँदछ। हाम्रो निम्ति बलि हुनुभइ प्रधान पुजारी हुनुभएर येशू ख्रीष्टले स्वर्गमा के गर्नुहुनेछ भनेर उक्त पृथ्वीको मन्दिरमा हुने प्रायश्चितको दिनको विधिले बताउँदछ। इस्रायलीहरूको पवित्र मन्दिर सुसमाचारको सन्देश सिकाउने पाठ भनेर सधैं जानिरहनुपर्छ। मुक्तिको योजना जसमा बलिप्रथा, प्रार्थनाको चलन, न्याय र पापको अन्त कसरी हुनेछ भनेर यहूदीहरूलाई सिकाउन त्यो मन्दिर खडा गरिएको थियो। पाठक वर्गहरूलाई अन्तको समयमा स्वर्गको मन्दिरमा येशूले गर्नुहुने कामलाई दानिएलको पुस्तकले अझ थप सूचना दिँदछ। "शुद्ध गरिने विधि, न्यायको समय र पापको फैसला गर्ने नीतिमा जोड दिएर दानिएलले अन्तको समयमा हुने घट्नालाई स्वप्नदर्शनद्वारा देखेका थिए। पृथ्वीमा हुने प्रायश्चितको दिनको बिधिले पृथ्वीको अन्त हुने दिनलाई दानिएलमार्फत औंल्याइएको थियो। शुद्ध गरिने बिधिले सिधै स्वर्गको मन्दिरसँग सम्बधित भएको देखाउँदछ र स्वर्गको पवित्र मन्दिरमा मसीह राजा र पुजारी भएर गर्नुहुने कामलाई पनि देखाइएको थियो। दानिएलले देखेका स्वप्नदर्शनमा समयको परिधि देखाइएको थियो ताकि पाठकहरूले मुक्तिको योजनामा तोकिएको समयमा कार्यान्वयन हुने मसीहले अन्तिम शुद्ध गर्नुहुने काम, न्याय र पापको अन्त्यलाई बुझ्न सम्भव होस्। परमेश्वर रहनुहुने स्वर्गमा पापको उपस्थिति अर्थात् लुशिफरले ल्याएको कचकच सदाको निम्ति येशूले अन्त गर्नुहुनेछ भनेर दानिएललाई स्वप्नदर्शनमा देखाइएको थियो।"-हान्डबुक अफ सेभेन्थ-डे एडभेन्टिस्ट थियोलोजी (हागरटाउन,मेरिल्याण्डः रिभ्यस एण्ड हेराल्ड पब्लिशिङ्ग एसोशियशन, २०००), पृ. ३९४बाट रूपान्तरित।**

**चिन्तनमननः**

अ. एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको भावना पढ्नुहोस्: "पौराणिक समयमा इस्राएलीहरूले बिभिन्न बलिप्रथामा रगतद्वारा तिनीहरूको पाप पृथ्वीको पवित्र मन्दिरमा प्रतीकको रूपमा सर्नेछ भनेर विश्वास गर्दथे। त्यो विधि एक

प्रतीक थियो जुन पापीहरूले प्रायश्चित गरेर ख्रीष्टमाथि विश्वास राख्दथे र तिनीहरूको पाप येशूमा सारिएको हुन्छ भन्ने कुरालाई देखाउँदथ्यो। खास गरेर तिनीहरूको पापको प्रायश्चित स्वर्गको मन्दिरमा सारिएको थियो। पृथ्वीको पवित्र मन्दिरमा प्रदुषित भएको पाप शुद्ध गर्ने बिधिद्वारा हट्दथ्यो त्यसरी नै स्वर्गमा भएको हाम्रो पाप वा पापको लेखीलाई येशूले आफ्नो शुद्धताको बिधिले हटाउनुहुनेछ वा मेट्नु हुनेछ। तर त्यो काम सम्पन्न हुनुभन्दा अघि लेखाको पुस्तकमा लेखिएको हाम्रो कामको छानबिन हुनु जरूरी छ जसले यो देखाउँदछ कि पश्चाताप गरि येशूमा विश्वास राखेर जीउनेहरूको पाप मेटिएको छ कि छैन। हाम्रो निम्ति उहाँले गर्नुभएको प्रायश्चितको काम वा पापको हर्जाना उहाँले तिर्नुभएको वा उहाँले गर्नुभएको क्षमापूजाको कामको फाइदा लिएका छौं कि छैनौं भनेर हाम्रो लेखीको छानबिन हुनु जरूरी छ।"-द ग्रेट कन्ट्रोभर्सी, पृ. ४२१,४२२बाट रूपान्तरित। युगको अन्तमा परमेश्वरका जनहरूमा हुने अनेकौं कष्टहरू बुझ्न किन जरूरी छ?

आ. रगतको अर्थ के हो भनेर लेबी १६:१५,१६मा बताइएको छ। रगतले केको प्रतिनिधित्व गर्दछ? प्रायश्चितको दिनमा हुने विधिमा रगतको भूमिका किन निर्णायक छ? यदि त्यसबेला रगतको त्यस्तो महत्त्व थियो भने अहिले हामीले बुझे अनुसार येशूको रगतको महत्त्व किन छ? हेर्नुहोस् लेबीको पुस्तकमा रगतको गरिमाः “१५ तब त्यसले मानिसहरूका निम्ति पापबलिको बोका मारोस्, र त्यसको रगत पर्दाभित्र ल्याएर साँढ़ेको रगतजस्तै कृपा-आसनमाथि र कृपा-आसनको सामुन्ने छर्कोस्। १६ यसरी इस्राएलीहरूका अशुद्धि, अपराध र तिनीहरूका सबै पापको कारणले महापवित्रस्थानका निम्ति त्यसले प्रायश्चित गरोस्। तिनीहरूका अशुद्धिको बीचमा भएको भेट हुने पालको निम्ति पनि त्यसले त्यसै गरोस्।" (लेबी १६:१५,१६)।

## कथा ५
## उहाँतिर खिचिनु
## **दानिएल ग्विबोशे, ५६**
## **अलबर्ता, क्यानाडा**

---

जब अल्बर्टा क्यानाडामा रहेको मामावे आटोसकिटान स्थानीय स्कूलको चर्चमा अगुवाई गर्न नयाँ पास्टर दानियल ग्विबोशे स्कूलको समय सकिन लाग्दा आइपुगे तब तिनलाई त्यहाँ केहि असजिलो लागेको थियो। फर्स्ट नेशन स्कूलका विद्यार्थीहरू र सेभेन्थ-डे एडभेन्टिस्ट शिक्षकहरूले दानिएललाई पहिले नै चिनेका थिए, त्यसकारण तिनीहरूले उनलाई कुनै नयाँ आतिथ्य सत्कार गरेनन् तर ११ वर्षकी छात्रा योयो वुल्फले बाहिर गएर उनको स्वागत गरे जसले गर्दा दानिएललाई आफ्नै घरमा आएको जस्तो भएको थियो।

"स्कूलको हाफ टाइममा योयो म भएको ठाउँमा आउन मनपराउथिन्। मसँग तिनी किन टासिन्छिन् त्यो मलाई थाहा छैन तर तिनी मसँग रहन  असाध्यै मनपराउँथिन्" दानिएलले भने।

पास्टर दानिएल र ती सानी छात्रा आफ्नो होमवर्क र साथीहरूको बारेमा खेल्ने मैदानमा कुराकानी गर्दथे। दानिएलले योयो र उनका साथीहरूलाई येशू र मुक्तिको योजनाको बारेमा कक्षामा सिकाउँथे। येशूको बारेमा थाहा पाउने पहिलो ठाउँ एडभेन्टिस्ट मिसन स्कूल थियो।

एक दिन एउटा राम्रो किराको चित्र कागजमा कोरेर दानिएललाई छक्क पार्दै लेखेकी थिइन् "तपाईं धेरै असल पास्टर हुनुहुन्छ। तपाईं मलाई धेरै मनपराउनुहुन्छ।" त्यसमा व्याकरणका केही भूलहरू थिए।

केही हप्तापछि स्कूलको हेडमास्टरले दानिएललाई फोन गरेर भने कि शनिबार बेलुकली अकस्मात योयोको निधन भयो। जन्मदिनको समारोहमा उनले बेलुनमा भरेको ग्यास सुँघेकी थिइन्। त्यतिकैमा टाउको दुख्यो भन्दै सुत्न गएकी योयो अचानक त्यहीं मरेकी थिइन्।

"यो खबर सुनेर मलाई ठूलो सन्ताप भयो। मैले त विश्वासै गर्न सकिंन। मलाई उनीसँग समय बिताएका पलहरुको याद आयो। ' किन यस्तो कलिलो उमेरमा उनको देहान्त भयो' होला भनेर मेरो मनमा धेरै प्रश्नहरू उठ्न थाल्यो। त्यसको जवाफ मैले अहिलेसम्म पाउन सकेको छैन। तर

येशूको आगमनमा त्यो प्रश्नको जवाफ पाउनेछु भन्ने मैले आशा गरेको छु" दानिएलले दुःख व्यक्त गर्दै भने। स्कूलका शिक्षकहरू र विद्यार्थीहरू पनि योयोको मृत्युको खबर सुनेपछि धेरै दुखी भए र उनको सम्झनामा एक दिन स्कूल पनि बन्द भयो। फस्ट नेशनको खेलखेल्ने हलमा योयोको परिवारले तिन दिन सम्म परम्परा अनुसार शोक मनाए। टाढा-टाढाबाट मानिसहरू आए। योयोको सम्झनामा धेरै भाषणहरू भए, सबैले सान्त्वना र सहानुभूतिदिंदै योयोको कफनमा अन्तिम श्रद्धाञ्जली व्यक्त गरे। शिक्षक र विद्यार्थीहरूले पनि उक्त शोक सभामा भाग लिए र तिन दिनसम्मै स्कूलको भान्सा घरमा तयार गरिएको खानाहरू आगन्तुकहरूलाई ख्वाइयो।

दानिएलले शोक व्यक्त गर्न आएकाहरूलाई भने, "तपाईंहरूको उपस्थिति नै परिवारको निम्ति ठूलो सान्त्वना भएको छ। तपाईंहरूको उपस्थितिले नै परिवारप्रति र योयोप्रति तपाईंहरुको माया कति छ भनेर देखाउँछ।"

क्री भाषामा मामावी आटोस्केटान स्कूलको नाउँ "हामीसँगसँगै काम गर्दछौं" हो, त्यसै अनुसार शिक्षक र विद्यार्थीहरू एकै परिवार जस्तै भएर काम गर्दछन् भनेर दानिएलले भने।

आज योयोले आफ्नै हातले कोरेको चित्र दानिएलको अफिसमा झुण्डिरहेको छ। त्यो स्कूलको विद्यार्थीले दिएको प्रथम चित्र थियो।

"जब म स्कूलमा आएँ, योयोकै कारण मलाई यो स्कूल आफ्नै घर जस्तो लागेको थियो। उनको स्नेह र वात्सल्य प्रेमलाई म सम्झिरहन चाहन्छु। मेरो निम्ति होइन अरूको निम्ति म के गर्न सक्छु भन्ने पाठ उनले मलाई देखाएकी छिन्" मार्मिक भएर दानिएलले भने।

दानिएलले स्कूलका विद्यार्थीहरूलाई येशूको बारेमा सिकाउँदा उहाँले तिमीहरूको निम्ति के गर्नुभयो र तिमीहरू पनि अरूको निम्ति के गर्न सक्छौ? भनेर सिकाउँछन्। येशूसँग भएको आफ्नै अनुभव उनले ती विद्यार्थीहरूलाई सुनाउछन्। येशूलाई उचाल्ने र बाँकी काम पवित्र आत्मालाई गर्न दिने दानिएलको मुख्य लक्ष्य थियो।

"येशूले भन्नुभएको थियो 'यदि मलाई पृथ्वीमा उचाल्यौ भने म सबै मानिसहरूलाई मकहाँ खिच्छु,' म विद्यार्थीहरूको माझमा येशूलाई उचाल्दछु ताकि तिनीहरू उहाँतिर खिचिउन्।

यस त्रैमासिक भेटीको केही भाग मामावी आटोस्केटन नाटिभ स्कूलको शिक्षालाई विस्तार गर्न सहयोग मिल्नेछ ताकि अरू बालबालिकाहरूले येशूको बारेमा जान्न सकुन्।

*लेखकः आन्द्रु मेकचस्नी*

**क्यानाडाको बारेमा जानकारीः**

अ) रूसपछि क्यानडा संसारको सबभन्दा ठूलो दोस्रो देश हो।

आ) क्यानाडाका समुद्र किनारा संसारको सबभन्दा लामो छ। यो २०२,०८० किलोमिटर लामो छ। यदि तपाईँ दिनको २० किलोमिटरको हिसाबले त्यहाँको समुद्रको किनारमा हिँड्नुभयो भने एक कुनाबाट अर्को कुनासम्म पुग्न तपाईँलाई ३५ वर्ष लाग्दछ।

इ) अमेरिका र क्यानाडाको सिमाना दुई देशबीचको संसारको सबभन्दा लामो अन्तराष्ट्रिय सिमाना हो।

ई)स्थानीय इरोक्वियन भाषा अनुसार क्यानाडा गाउँ हो र ल्याटिन भाषामा त्यस गाउँलाई क्यानाडा भनिन पुगेको हो। क्यानाडाको सन्त लोरेन्सको उपत्यकामा चलेको इरोक्वियन भाषा सन् १६०० मा दुर्लभ बन्न पुगेको थियो। अहिले पनि उक्त भाषा कतै कतै मात्र बोलिन्छ र त्यो भाषा पुरानो भाषासँग केही हदसम्म मिल्दछ। तिनीहरूको भाषामा “सहर" लाई मोहाक कानाटा भनिन्छ।